५८०

नेपाल भ्रष्टाचार—निवारण नियमहरू

नेपाल भ्रष्टाचार निवारण ऐन २००९ सालको २० दफाको अख्तियार अन्तर्गत बनेको नियमहरू जारी गरेको छ।

१. (क) यी नियमहरूको नाम "नेपाल भ्रष्टाचार निवारण नियम २००९" रहेको छ।

(ख) यी नियहरू भरमुलुकमा लागू हुनेछ।

(ग) यी नियमहरू २०१० साल अषाढ १ गतेदेखि लागू हुनेछ।

२. प्रसंग यो विषयले अर्कै अर्थ नलागेमा देहायमा लेखिएका शब्द र वाक्यहरूको अर्थ लगाउनुपर्दा देहायमा लेखिएबमोजिम लगाउनु पर्छ।

(क) 'ऐन' शब्दले २००९ साल भ्रष्टाचार निवारण ऐन भन्ने अर्थ लाग्छ।

(ख) सरकार शब्दले नेपाल सरकार भन्ने बुझाउँछ।

(ग) अरू शब्दहरूको अर्थ ऐनमा लेखेबमोजिम हुनेछ।

३ (क) सरकारले भ्रष्टाचार निवारण विभाग खोल्नेछ। गृहपरामर्शदाताको मातहतमा रही सो विभागको काम भ्रष्टाचारनिवारण हाकिम अफिसरले गर्नेछ।

(ख) सो विभाग संचालनको लागी दरकार र जरूरतअनुसार डेपुटी भ्रष्टाचारनिवारण असिष्टेन्ट भ्रष्टाचार निवारण हाकिमहरू र अरू चाहिंदो मदत रहनेछ।

(ग) पुलीस अफिसरहरू मध्येबाट केही जवान झिकी निजहरूलाई भ्रष्टाचार निवारण विभागको काममा लगाइनेछ। यी अफिसरहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२९

झिक्दा खूब विचार गरेर मात्र छान्न पर्छ। निजहरू भ्रष्टाचार निवारण अफिसरको नियन्त्रण कन्ट्रोलमा रही निजको आज्ञानुसार डाइरेक्शन जाँच खोज गर्ने र अड्डा अदालतमा मुद्दा चलाउने काम गर्नेछन्। यस कामको लागी असिष्टेन्ट भ्रष्टाचार निवारण अफिसरले पुलीस सुपरिन्टेन्डेन्टको डेपुटी भ्रष्टाचार निवारण अफिसरले पुलीस डी आई. जी. को र भ्रष्टाचा निवारण अफिसरले पुलीस आई जी. पी. को अख्तियार पाउँनेछन्।

(घ) भ्रष्टाचार निवारण विभागका अफिसरहरूले काठमाडौंका कमिश्नर जिल्ला जिल्लाका बडाहाकिम र तिनीहरू मातहतका सबै अड्डाका कर्मचारीहरूबाट चाहिंदो मदत सहयोग र सहूलियत लिन मागेमा दिनुपर्छ।

४ (क) जुनसुकै मानिसलाई जुनसुकै सरकारी कर्मचारीले गरेको भ्रष्टाचारको जानकारी छ भने सो खबर भ्रष्टाचार निवारण अफिसर छेउ गुप्त पत्रद्वारा पठाउन सकिने रहेछ भन्ने कुरा सबैले थाह पाउन् भन्नाको लागी यो विभाग खडा भएको कुरा व्यापक रूपमा प्रचार गर्नुपर्छ।

(ख) माथि उपदफा (क) मा बताएबमोजिम आउने पाउने खबर अतिरिक्त यो विभागले भ्रष्टाचार विषयको खबर जम्मा गर्ने अरू श्रोत र तरिका पनि बनाउँनेछ।

(ग) भ्रष्टाचार विषयमा जुनसुकै सरकारी अड्डाले जति खबर पाएको छ। भ्रष्टाचार निवारण विभागमा पठाउनुपर्छ।

(घ) भ्रष्टाचार निवारण विभागमा आए पठाएका सब खबरहरू र कागज जातहरू बिलकुल गुप्त राख्नुपर्छ। अनधिकृत व्यक्तिलाई कुनाउन देखाउन हुँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. भ्रष्टाचार निवारण विभाग इमान्दारी निष्पक्षता र धर्म अक्खतको नमूना बन्न सक्नुपर्छ। आफ्नो विभागले पाएको शक्ति र अधिकारको दुरुपयोग हुन नपावस भनी त्यस विभागका अफिसरहरू सचेत रहन पर्छ। आफूले पाएको शक्ति र अधिकारको दुरुपयोग गर्न नपाउन् भन्नाको लागी त्यस विभागका अफिसरहरूले आफ्ना मातहतका कर्मचारीहरूउपर ज्यादै कडा कन्ट्रोल राख्नु पर्छ। त्यस विभागका कर्मचारीहरूले भ्रष्टाचार गरेको र रीस इवीले फसाउने उद्योग गरेको ठहरमा कडासेकडा दण्ड सजाय हुनेछ।

६ १ भ्रष्टाचार निवारण अफिसरले भ्रष्टाचार विषयकुनै खबर आयो र निजको चित्तमा कारवाई चलाउन हुने खास किसिमको खबर रहेछ भन्ने लागेमा आफ्नो स्टाफ मध्येबाट जवाफदेही बोक्नसक्ने अफिसरलाई गुप्तजाँच गर्न खटाउनसक्छ। यस्तो जाँच गर्दा जाँच गर्ने अफिसरले होशियारीसँग गर्नपर्छ

२ सो गुप्त जाँचको रिपोर्ट आएपछि भ्रष्टाचारनिवारण अफिसरले हेर्दा लागाएको अभियोगमा केही तथ्य रहेछ र अरू बढी जाँच गरेमा साँचो कुरा खुल्न आउला भन्ने देखेमा निजले देहायमा लेखिएको कर्मचारीहरूउपर देहायका तरीकाबाट कारवाई चलाउनुपर्छ।

(क) गजेटेड अफिसरहरूउपर भए भ्रष्टाचारनिवारण अफिसरले गृह परामर्श दातामार्फत श्री ५ महाराजाधिराजका हजूरमा जाहेरी गरी निकाशा भएबमोजिम गर्नुपर्छ।

(ख) नन् गजेटेड र अरू सरकारी कर्मचारीउपर भए भ्रष्टाचार निवारण अफिसरले छोटकरी खबर गृहसेक्रेटरी र सम्बन्धीत विभागको सेक्रेटरीलाई र मोफसलमा भए पक्राउ गर्ने भ्रष्टाचार निवारण अफिसरले सोही अड्डा अदालतका हाकिमलाई पनि दिई कारवाई चलाउनुपर्छ।

(ग) गैर सरकारी व्यक्तिले सरकारी कर्मचारीहरूलाई घूसदिन ल्याएकोमा भ्रष्टाचार निवारण अफिसरले कारवाई चलाउनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२३२

३ अरू कारवाई चलाउने ठहर भएपछि अभियोगमा परेका कर्मचारीसमेत झिकी ऐनबमोजिम कारवाई गर्नुपर्छ ।

४ पोलिएको कर्मचारीको कागजसमेत भई कारवाई पूरा भएपछि भ्रष्टाचार निवारण अफिसरको चित्तले मुद्दा चलाउन मुनासीब देखेमा निजले सो मुद्दा इलाका अपील अड्डामा चलान गर्नपर्छ । सो भए गरेको खबर सम्बन्धित विभागको सेक्रेटरीलाई दिनुपर्छ ।

५ पोलिएको व्यक्ति सरकारी कर्मचारी रहेछ भने अपील अड्डामा मुद्दा डायर भएको मितिदेखि निजलाई सस्पेंड गरी अन्तिम फैसला नभएसम्म निजले खाई पाइरहेको तलबको एक चौथाई निर्वाहको निमित्त भत्ताको रूपमा पाउनेछ ।

६ सुरू कारवाई गर्ने अपील अड्डाले सरकारी कर्मचारीले भ्रष्टाचार गरेको ठहरे फैसला गरेमा म्यादभित्र सो कर्मचारीले प्रधान न्यायालयमा अपील अड्डाको ठहर फैसलाउपर अपील गर्न पाउँछ ।

७ यो ऐनबमोजिम पोलिएका देहायबमोजिमका कर्मचारीउपर देहायबमोजिम हुन्छ ।

(क) यो ऐनबमोजिम कसुर साबित भएका या ठहर भएका सरकारी कर्मचारी बाहेक लागी खोसिन्छ । निजलाई जन्मभर सरकारी नोकरी दिन हुँदैन ।

(ख) कसुर नठहरी सफाई पाएको कर्मचारीले आफ्नो ठाउँमा यथौती भई रोक्का भएको तलब पनि फुकुवा पाउँछ ।

(ग) अरू कुनै कारणबाट रिहाई पाएको कर्मचारीलाई बाहेक नलागे पनि स्वत जागीर थामी दिनै पर्छ भन्ने कर छैन । अदालतबाट आखिरी फैसला भएपछि सरकारबाट निजको जागीर थामिने, नथामिने, रोक्का भएको तलब फुक्का हुने नहुने कुराका बिचार गरी ठहर हुनेछ ।

२३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३८

८. भ्रष्टाचार निवारण अफिसरले अड्डामा परेको केशहरूको कारवाइको विवरणसमेत खोली हरएक आइतबारको दिन श्री ५ महाराजाधिराज र गृहपरामर्शदाताकहाँ पठाउनुपर्छ ।

९. भ्रष्टाचार निवारण अफिसर आफै वा निजले खटाएको अरू अफिसरले कुनै केशको खोज सम्बन्धमा जो कसैबाट बयान लिन खोजेमा जो सुकैले भने बुझेसम्म सत्य कुराको कागज गरिदिन कर लाग्छ ।

श्री ५ महाराजाधिराजबाट सदर गरिबक्सेको २००९।१२।२१।९

लालमोहर सदर भएको — —— २०१०।११।१२।९

आज्ञाले

तिलकशमशेर

सेक्रेटरी—कानून तथा संसदीयविभाग.

गृहविभागको विज्ञप्ति

गैर—कानूनी हात हतियार पत्ता लगाई निम्नलिखितबमोजिम गर्ने निर्णय भएको छ :

(क) लाइसेन्स रिन्यू नगराई बस्ने व्यक्तिहरूको लगत गराई राख्न सदरमा पुलीस विभाग, माफसलमा बडाहाकिमले तैयार गरी राखी सो-बमोजिम पक्राउ गर्ने ।

(ख) —गैर कानूनी हात हतियारहरू निम्नलिखितबमोजिम गरी दाखिल दर्ता गर्ने र नगरेमा सजायसमेत निम्नलिखितबमोजिम गर्ने गराउने ।

(१) सरकारबाट लाइसेन्स रिन्यू नगराई राख्ने व्यक्तिहरू पक्राउ गरिएमा आर्म्स् जफत भै ३ वर्षसम्म कैद हुन्छ ।

(२) लाइसेन्स रिन्यू गराउन पाउने म्याद जिल्लामा यो आदेश दाखिल भएका मितिले ३ महिनाभित्र लाइसेन्स रिन्यू गराइसकनुपर्छ ।

४३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।